# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ५ संख्या ४ मिति २०७८ भाद्र १० गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### एम्बुलेन्स संचालन कार्यविधि २०७८

**प्रस्तावनाः** भुम्लु गाउँपालिका भित्र स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताका पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न छुट्टै कानूनी व्यवस्था गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी भुम्लु गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद - १

## सक्षिप्त नाम र प्रारम्भ :

१. सक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७८ रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) एम्बुलेन्स भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) गाउपालिकाँ" भन्नाले भुम्लु गाउपालिकालाई सम्झनु पँर्छ ।

(ङ) सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी तोकेको शुल्क सम्झनु पर्छ ।

(च) सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिनेसम्पुर्णसेवा सम्झनु पर्छ ।

## परिच्छेद - २

## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति : (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, संचालन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक पालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेका अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) कार्यपालिकाले तोकेको वडाध्यक्ष -सदस्य

(ङ) गाउँ सभाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले चयन गरेको २ जना -सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स आफैले संचालन नगरी कुन ै संघसंस्थालाई हस्तान्तरण गरेमा सोको संचालन सोही संस्थाको व्यवस्थापन / कार्य समितिले संचालन तथा व्यवस्थापनको कार्य गर्नेछ ।

(३) कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गरिनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिमको व्यवस्थापन तथा संचालन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ ।

(५) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :- (क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गर्ने, गराउने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उल्लघंन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्द गर्ने ।

(ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धी दर रेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

(ङ) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसची (१) बमोजिम सेवा शुल्क लिइ बैंक र कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिका सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँ कार्यपालिकामा पेश गरी गाउँ सभामा अनुमोदन गराउनु पर्नेछ ।

(३) भुम्लु गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने/ नदिने समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गर्नेछ ।

## परिच्छेद - ३

## कर्मचारीको व्यवस्थापन तथा नियुक्ति सम्बन्धी व्यवस्था

५. कर्मचारीको नियुक्तिः (१) एम्बुलेन्स सञ्चालनका लागि एक जना चालक ( हल्का सवारी चालक प्रथम तह वा सो सरह) करार सेवामा भर्ना गरिनेछ । एम्बुलेन्स चालक पदमा स्थायी नियक्ति भने दिईने छैन ।

(२) उप नियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य गाउँपालिकाको कार्यालयले प्रचलित कानूनको रित पुर्याई गर्नेछ ।

६. पारिश्रमिक तथा सेवा शर्तहरुः (१) एम्बुलेन्स चालकले हल्का सवारी चालक प्रथम तहको स्थानीय तहको सवारी चालक कर्मचारीले पाए सरहको तलब पाउनेछ ।

(२) एम्बुलेन्स चालकले उपनियम (१) बमोजिम पाउने तलब बाहेक एम्बुलेन्स सञ्चालन भएको अवधीको स्थान, समय र दुरीको आधारमा थप भत्ता संचालक समितिको प्रस्ताव र कार्यपालिको निर्णय अनुसार पाउनेछ ।

(३) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स सञ्चालन कोषबाट व्यहोरिनेछ । यसका लागि गाउँपालिकाको कुनै रकम शिर्षकबाट व्यहोरिने छैन ।

(४) चालकको रु. ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । साथै तेस्रो पक्ष बीमा गरिन्छ र बिमा प्रिमियम बापतको रकम यसै कार्यविधी बमोजिम कोषबाट व्यहोरिनेछ ।

(५) चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

(६) अवकाश दिन सकिनेः आफ्नो पदको जिम्मेवारी नियमानुसार पालना नगरेको अवश्थामा चालकलाई कार्यपालिकाको निर्णयबाट पदबाट हटाउन सकिने छ ।

(७ पदमुक्त हुनु भन्दा अगाढि आफ्नो लिखित सफाई पेश गर्ने मौकादिईनेछ ।

## परिच्छेद - ४

## मर्मत संभार तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

७. सेवा शुल्क सम्बन्धी व्यवस्था: (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भएको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

८. एम्बुलेन्स संचालन कोष: (१) एम्बुलेन्सको नियमित मर्मत संभार तथा कर्मचारीको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित सञ्चालन सुनिश्चित गर्न एक छुट्टै एम्बुलेन्स सञ्चालन कोष खडा गरी सञ्चालन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स सञ्चालन कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) सेवाग्राहीबाट प्राप्त सेवा शुल्क,

(ख) भाडामा प्रयोग गर्न दिएमा भाडाबाट प्राप्त रकम,

(ग) संघीय, प्रदेश सरकार र गाउँपालिकाबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

(घ) अन्य दातृ निकायबाट प्राप्त कुनै अनुदान तथा सहयोग रकम आदि ।

९. कोष सञ्चालन र प्रयोग: (१) एम्बुलेन्स कोषको रकम बैंकमा एउटा छुट्टै खाता खोलि सञ्चालन गरिनेछ ।

(२) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन उपशाखाको प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमको खर्च व्यहोरिनेछ । त्यस बाहेक अन्य शिर्षकमा खर्च गर्न पाईने छैन ।

(क) चालकको तलब, भत्ता तथा अन्य सेवा सुविधा,

(ख) एम्बुलेन्स मर्मत सम्भार तथा फ्युल लुब्रिकेन्टमा लाग्ने खर्च,

(ग) समितिको बैठक भत्ता,

(घ) एम्बुलेन्समा आउने अन्य भैपरी खर्चहरु ।

## परिच्छेद४

## विविध

१०. लेखा र लेखा परीक्षण: (१) एम्बुलेन्स सञ्चालन कोषको आय व्ययको लेखा आर्थिक प्रशासन ऐन नियम बमोजिम आर्थिक प्रशासन उपशाखाले राख्नेछ ।

(२) एम्बुलेन्स कोषको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट बार्षिक रुपमा गरिनेछ ।

११. एम्बुलेन्स रहने स्थान: (१) गाउँ कार्यपालिकाले आफै संचालन गर्ने एम्बुलेन्सको हकमा गाउँ कार्यपालिकाको परिसर भित्रको पार्कमा र अन्य संस्थाले संचालन गर्ने एम्बुलेन्सको हकमा सञ्चालक संस्थाले तोकेको स्थानमा रहनेछ ।

१२. एम्बुलेन्सको मर्मत सम्भार: एम्बुलेन्सका नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा इस्टिमेट गराई व्यवस्थापन तथा संचालन समितिको निर्णायानुसार हुनेछ ।

१३. एम्बुलेन्स भाडामा दिन सकिने: (१)गाउँपालिकाले मौजुदा एम्बुलेन्सलाई कुनै व्यक्ति वा संस्था मार्फत सञ्चालन गर्न उपयुक्त देखेमा सञ्चालक समितिबाट सिफारिस भई आएमा कार्यपालिकाको निर्णयबाट भाडामा दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भाडामा दिँदा प्रतिदिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. कार्यविधिको संशोधन: यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा कार्यपालिकाको निर्णयबाट हुनेछ ।

१५. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै कार्यविधि र नलेखिएको कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. अन्य : (१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीका विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाकदायित्व सेवाग्राही स्वयंको हुनेछ ।

अनसूची १

(कार्यविधिको नियम ७ को उपनियम (१) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

भुम्लु गाउँपालिकाको एम्बुलेन्स सेवा दिए बापतको एकतर्फि भाडा दर निम्नानुसार तोकिएको छ ।

| क्र.सं. | वडाको नाम | भुम्लु आधारभुत अस्पताल | पाँचखाल अस्पताल | बनेपा/धुलिखेलका अस्पतालहरु | काठमाण्डौ उपत्यकाका अस्पतालहरु |
|---|---|---|---|---|---|
| १ | सापिङ | १,००० ।- | २,५००।- | ३,०००।- | ४,०००।- |
| २ | सिम्थली | १,७०० ।- | ३,०००।- | ३,५००।- | ४,५००।- |
| ३ | बेखसिम्ले | २,०००।- | ३,५००।- | ४,०००।- | ५,०००।- |
| ४ | चौवास | १,४०० ।- | ३,०००।- | ३,५००।- | ४,५००।- |
| ५ | सल्ले | ५००।- | ३,०००।- | ३,५००।- | ४,५००।- |
| ६ | कोलाँती | ५००।- | २,५००।- | ३,०००।- | ४,०००।- |
| ७ | फलाँटे | ५००।- | २,०००।- | २,५००।- | ३,५००।- |
| ८ | भुम्लुटार | ५००।- | २,०००।- | २,५००।- | ३,५००।- |
| ९ | ज्याम्दी | १,५००।- | २,०००।- | २,५००।- | ३,५००।- |
| १० | दोलालघाट | १,५००।- | २,०००।- | २,५००।- | ३,५००।- |

**नोट :** उल्लेखित भाडादर वडाको केन्द्रलाई ध्यानमा राखी तयार गरिएको छ। छिमेकी गाउँपालिका , नगरपालिका तथा जिल्लाको स्थान हेरी नखुलेको स्थानमा प्रति कि.मि. रु ५०।- थप भाडा निर्धारण गरिने छ ।

एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगाबै कार्यालयमा बुझाउनुपर्नेछ ।

१. कच्ची सडक प्रति किलोमिटर रु. २००।००

२. ग्राबेल सडक प्रति किलोमिटर रु. १५०।००

३. पक्की सडक प्रति किलोमिटर रु. ६०।००

४. सिलीन्डर अक्सिजन शुक्ल प्रति घण्टा रु १००।००

५. भुम्लु गाउँपालिकाको कार्यालय देखी १ कि.मी. चक्रमा पर्ने वा स्थान सम्मका लागी रु. २००।०० भाडाँ दर प्रस्ताव कायम गरीएको छ ।

# अनसुची २

(कार्यविधिको नियम ६ को उपनियम (५) संग सम्बन्धीत) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७८ लाई पुर्णतः पालना गर्नुपर्ने,

२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई संधै सम्मान पुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरुमा आफनै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफना प्रमाणित गर्ने व्यक्तिको: क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाडन् नहुने,

९. आफनो कामको सिलसिलामा पाएको कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुयाउने पर्ने,

११. आफुले उचित देखेका बिरमीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफनो ् सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भागीदारी हुनेछ ।

१३. आचार संहिता सम्बन्धी प्रतिवद्ध पत्र ।

म...........................................ठेगाना......................ना.प्र.प.नं.................. ............जारी मिति............................ जिल्ला, डाइभिङ्ग लाइसेन्स नं................................. जारी मिति ................................ ले माथिको उल्लखित आचार संहिता अध्ययन गरेको छु । काभ्रे जिल्ला भुम्लु गाउपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| चालकको: | रोहबरमा |
| --- | --- |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत | दस्तखत |

दस्तखत :

मिति :

कार्यालयको छाप

अनूसची ३

(कार्यविधि को नियम १६ को उपनियम (१) सँग सम्बन्धीत)

“ग” वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter/ Mask जडित वा जरुरी परेमा राख्ने सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight

**आज्ञाले,**
**ढाकाराम अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**